# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

**खण्ड २६ ] काठमाडौं, फागुन २ गते २०३३ साल [ अतिरिक्ताङ्क ४२ (घ)**

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### विज्ञप्ति

केही दशक यता नेपालमा विभिन्न समाज सेवीहरूको अभिरूची र सेवाले संचालित विभिन्न सामाजिक संघ–संस्थाहरूको काम काजको दोहोरोपन हटाई समन्वय कायम गर्न,

स्वदेशी, विदेशी र अन्तर्राष्ट्रिय अनुदान वा सहायतामा एकरूपता कायम गरी राष्ट्रिय नीति र कार्यक्रम तर्जुमा गर्न, र

समाज कल्याण सम्बन्धी प्रभावकारी सेबाको समयानकूल बिकास र विस्तार गर्नका निमित्त एक उच्चस्तरीय समन्वय समिति गठन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराजबाट श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहका अध्यक्षतामा देहायबमोजिमको समिति गठन गरिबक्सेको छ। साथै, मौसूफबाट सो समितिमा छदेखि बढीमा दश उप–समितिहरू रहने गरी हाल कार्य थालनीका निमित्त छ उप–समितिहरूमा चार महीनाको लागि अध्यक्षहरू रहने व्यवस्था समेत गरिबक्सेको छः–

9003 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

१. समितिको नामः यस समितिको नाम सामाजिक सेवा समन्वय समिति रहेको छ।

## गठन विधि

(१) श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह --- --- अध्यक्ष
(२) अध्यक्षबाट मनोनीत व्यक्ति -- -- -- -- उपाध्यक्ष
(३) उप-समितिका अध्यक्षहरू छदेखि बढीमा दशसम्म--- -- सदस्य
(४) अध्यक्षबाट मनोनीत व्यक्ति दुई -- -- -- -- सदस्य
(५) अध्यक्षबाट मनोनीत व्यक्ति एक -- -- -- सदस्य-सचिव
(६) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिका प्रतिनिधि एक - सदस्य
(७) राष्ट्रिय योजना आयोगका प्रतिनिधि एक -- -- - सदस्य
(८) अर्थ मन्त्रालयको प्रतिनिधि एक -- -- - सदस्य
(९) गृह पञ्चायत मन्त्रालयका प्रतिनिधि एक -- -- सदस्य
(१०) परराष्ट्र मन्त्रालयका प्रतिनिधि एक -- -- - सदस्य
(११) शिक्षा मन्त्रालयका प्रतिनिधि एक -- -- -- सदस्य
(१२) स्वास्थ्य मन्त्रालयका प्रतिनिधि एक -- -- -- सदस्य
(१३) उप-समितिका सचिवहरू -- -- -- सदस्य
(१४) गृह पञ्चायत मन्त्रालयका तालीम शाखाका प्रतिनिधि एक - - सदस्य

३. उप-समितिः हाल कार्य थाल्नोका लागि देहायबमोजिमका छ उप-समिति-हरूमा चार महीनाका निमित्त देहायबमोजिम अध्यक्ष रहनेछन्।-

(१) स्वास्थ्य सेवा समन्वय उप-समितिमा-
श्री ५ अधिराजकुमारी प्रिन्सेप शाह -- -- -- अध्यक्ष

(२) निःसहाय सेवा समन्वय उप-समितिमा-
श्री ५ अधिराजकुमारी शान्ति राज्यलक्ष्मी देवी सिंह - -- अध्यक्ष

(३) बाल कल्याण समन्वय उप-समितिमा-
श्री ५ अधिराजकुमारी शारदा राज्यलक्ष्मी देवी शाह -- अध्यक्ष

(४) नारी सेवा समन्वय उप-समितिमा-
स. श्रीमती कमल राणा -- -- -- -- अध्यक्ष

(५) सामुदायिक सेवा समन्वय उप-समितिमा-
मा. श्रीमती अंगुर बाबा जोशी - -- -- -- अध्यक्ष

(६) युवा क्रियाकलाप समन्वय उप-समितिमा-
श्री सुरेन्द्रमान जोशी - -- -- -- अध्यक्ष

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

9068

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।